

**के तपाईको घर पानीले रसाएको छ ?**
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक ५ गते सोमबार ❑ 21 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## पोखरामा प्रदर्शनकारीले निषेधाज्ञा तोड्न खोज्दा तनाव

**पोखरापत्र संवाददाता**
पोखरा, ४ कार्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यकर्ताले निषेधाज्ञा तोडेर विरोध प्रदर्शन गर्न थालेपछि पोखराको सहिदचोकमा तनावको अवस्था सिर्जना भएको छ ।

जिल्ला प्रशासन कार्यालय, कास्कीले पोखरा शहिदचोक र ग्रैहापाटन आसपासका क्षेत्रमा आज बिहानदेखि निषेधाज्ञा जारी गरेको थियो । सहकारीको रकम अपचलनको आरोपमा पक्राउ पर्नुभएका रास्वपाका सभापति लामिछानेलाई अदालत उपस्थित गराउने क्रममा कार्यकर्ताले निषेधित क्षेत्र तोडेर प्रर्दशन गर्न थालेपछि प्रहरीले प्रदर्शनकारीमाथि पानीको फोहोरा प्रहार गरेको छ ।



जिल्ला प्रशासन कार्यालयले सहिदचोकको पूर्वपट्टि वाईचोक, पश्चिमतर्फ फिस्टेल गेट, उत्तरतर्फ मालपोत कार्यालय, दक्षिणतर्फ मुस्ताङ्चोकस र ग्रैहापाटनको पालिखेचोकदेखि नविन माध्यमिक विद्यालयसम्मको सडक क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति भेला भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन, सभा आदि विरोधका कार्यक्रम गर्न निषेध गरेको थियो । अर्को आदेश जारी नभएसम्म निषेधज्ञा जारी रहने प्रमुख जिल्ला अधिकारी भरतमणि पौडेलद्वारा जारी आदेशमा उल्लेख छ ।

सहकारीको बचत रकम अपचलनको मुद्दामा पक्राउ पर्नुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको पक्ष र विपक्षमा प्रदर्शन हुन थालेपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको हो । पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न भएको आरोपमा सभापति लामिछानेलाई काठमाडौँबाट पक्राउ गरी शनिबार बिहान पोखरा ल्याइएको थियो । उहाँलाई आइतबार कास्की जिल्ला अदालतमा उपस्थित गराइएको छ । पोखराको सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गीतेन्द्रबाबु (जिवी राई) सँग मिलेर सभापति लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको विषयमा उहाँविरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीले अनुसन्धान गरिरहेको छ ।

## पोखराका केही क्षेत्रमा निषेधाज्ञा जारी

**पोखरापत्र संवाददाता**
पोखरा, ४ कार्तिक

जिल्ला प्रशासन कार्यालय कास्कीले पोखरा महानगरपालिकाको शहिदचोक र ग्रैहापाटन आसपासका क्षेत्रमा निषेधाज्ञा जारी रहेको जनाएको छ ।

सहकारीको बचत रकम अपचलनको मुद्दामा पक्राउ पर्नुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको पक्ष र विपक्षमा प्रदर्शन हुन थालेपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको हो । प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेद्वारा आइतबार जारी निषेधाज्ञासम्बन्धी सूचनामा सहिदचोकको पूर्वपट्टि वाइचोक, पश्चिमतर्फ फिस्टेल गेट, उत्तरतर्फ मालपोत कार्यालय, दक्षिणतर्फ मुस्ताङ्चोकस र ग्रैहापाटनको पालिखेचोकबाट नविन माध्यमिक विद्यालयसम्मको सडक क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति भेला भई अनशन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन, सभालगायत विरोधका कार्यक्रम गर्न निषेध गरिएको छ । पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न भएको आरोपमा सभापति लामिछानेलाई काठमाडौँबाट पक्राउ गरी शनिबार बिहान पोखरा ल्याइएको थियो ।

## रवि लामिछानेलाई अनुसन्धानको लागि ६ दिन म्याद थप

**पोखरापत्र संवाददाता**
पोखरा, ४ कार्तिक

सहकारीको रकम अपचलन गरेको आरोपमा पक्राउ पर्नु भएको रास्वपाका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई अनुसन्धानका लागि ६ दिन म्याद थप भएको छ ।

पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन प्रकरणमा शुक्रबार पक्राउ पर्नु भएको लामिछानेलाई जिल्ला अदालत कास्कीमा आइतबार उपस्थित गराइएको थियो । शुक्रबार काठमाडौं वनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयबाट पक्राउ पर्नु भएको लामिछानेलाई सोही दिन राति पोखरा ल्याई जिल्ला प्रहरी कार्यालय कास्कीको नियन्त्रणमा राखिएको छ । शनिबार सार्वजनिक बिदा परेकाले उहाँलाई आइतबारमात्रै अदालतमा पेश गरिएको हो । उहाँलाई अदालतमा पेश गर्नु अघि देखि पोखराको सहिदचोकमा ठूलो संख्यामा रास्वपाका नेता तथा कार्यकर्ता ठुलो सङ्ख्यामा जम्मा हुनु भएको थियो भने राष्ट्रबैंक चोकमा सहकारी पीडित जम्मा नारा बाजी गर्नु भएको थियो । जिल्ला प्रशासन कार्यालयले सम्भावित स्थिति नियन्त्रण गर्न सहिदचोक आसपासका क्षेत्रमा अनिश्चितकालीन निषेधाज्ञा आइतबार जारी गरेको थियो । उक्त निषेधाज्ञा तोडेर नाराबाजी



बाँकी अन्तिम पृष्ठमा ▶▶

## समुन्नतिका लागि राजनीतिमा शुद्धीकरण र जनताको चेतनास्तरमा वृद्धि जरुरी : डा. भट्टराई

**पोखरापत्र संवाददाता**
पोखरा, ४ कार्तिक

पूर्वप्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टी( नेसपा) का अध्यक्ष डा.बाबुराम भट्टराईले बढ्दो भ्रष्टाचार र राज्य सत्ताको दोहनले नेपाली अर्थतन्त्रको प्रमुख चुनौती भएको बताएका छन् । उनले भ्रष्टाचार नियन्त्रण गर्न भारतकोजस्तै 'जनलोकपाल विधेयक' को निर्माणसहित राज्यसत्ताको दोहन गर्ने आसेपासे पूँजीवादको अन्त्य हुनुपर्ने पनि बताएका छन् ।

देशलाई आर्थिक रुपले समुन्नत बनाउनको निम्ति राजनीतिमा शुद्धीकरण र जनतामा चेतनास्तर बढ्नुपर्ने तर्क गर्दै उनले भनेका छन्,'देशमा केही भएन भनेर हामी गनगन गरिरहेका छौं । जनताको चेतनास्तर बढेन भने भगवान आउनुभयो भन्यो त्यसकै पछि लाग्यो । यो भएन अर्को आयो भनेर पछि लाग्ने काम भइरहन्छ । हाम्रो चेतनास्तर अफ्रिकाको भन्दा पनि कम छ,यो प्रवृत्तिबाट मुक्तिका निम्ति जनताको चेतनास्तर बढाउनुपर्‍यो ।'



पूर्वप्रधानमन्त्री डा.भट्टराई पोखरा उद्योग वाणिज्य संघले आइतबार आयोजना गरेको 'समृद्धिको आधार : बाटो र विकास' विषय अन्तरसंवादमा प्रमुख वक्ताको रुपमा बोल्दै थिए । आर्थिक समृद्धिको लागि बाटो,उद्योग र व्यापार आवश्यक रहेको बताउँदै उनले परनिर्भरता,व्यापार घाटा,ऋणको दुश्चक्र,असमान विनिमय र श्रम निर्यात,विप्रेषण आश्रित अर्थतन्त्र पनि नेपाली आर्थिक क्षेत्रका समस्या भएको बताए । बढ्दो क्षेत्रीय असमानता, गाउँ र सहरबीचको बढ्दो दूरी,निर्वाहमुखी कृषिको तीव्र बिघटनलाई पनि नेपाली अर्थतन्त्रले नजरअन्दाज गर्न नहुने उनको भनाइ थियो ।

डा. भट्टराईले आर्थिक क्रान्तिका लागि संरचनागत परिवर्तनको जरुरी भएको तर्क गर्दै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख,पूर्ण समानुपातिक तर प्रत्यक्ष निर्वाचित संसद,राष्ट्रिय विकास प्राधिकरण,विकासमुखी न्यायालय,कार्यगत इकाइमा आधारित कर्मचारीतन्त्र,लगानीमैत्री कानून निर्माणको पैरवी पनि गरे । ' भारत र चीनको मूल्य श्रृंखलासँग प्रतिस्पर्धा गर्नसक्ने मूल्य श्रृंखला निर्माण,सबै देशसँग बिप्पा सम्झौता,भूमिमाथि राज्य र समुदायको स्वामित्व पनि हाम्रो लागि आवश्यक छ,'कार्यपत्र प्रस्तुत गर्दै उनले भने,'छायाँ अर्थतन्त्रको अन्त्य,अन्तर ाष्ट्रियस्तरका शैक्षिक केन्द्रको स्थापना,वित्तीय पूँजीलाई औद्योगिक पूँजीसँग जोड्ने नीति,साना तथा मझौला उद्योगलाई सहुलियतपूर्ण कर्जाको व्यवस्था पनि हुनैपर्छ ।' गैरआवासीय नेपाली र ब्रिटिस गोर्खाका तीनपुस्तासम्मका सन्तानलाई दोहोरो नागरिकता दिनुपर्ने र उनीहरुले आर्जन गरेको पूँजी देशमै राख्नुपर्ने पनि उनको भनाइ थियो । उनले सवल अर्थतन्त्रका लागि राष्ट्रिय गौरवका आयोजनाहरुको छिटो निर्माण गरिनुपर्ने,कृषि पूर्वाधारमा लगानी र अनुदानमा वृद्धि गरिनुपर्ने पनि बताए । नेपालको अर्थतन्त्र अहिले पनि कृषिमै आश्रित रहेकाले यात्रिकीकरण,बजार व्यवस्थापन तथा जैविक खेतिलाई प्रोत्साहित गर्नुपर्ने उनको तर्क थियो । बहुपक्षीय पर्यटनको प्रवर्द्धन,युवाहरुलाई निशुल्क प्राविधिक तालिमको पैरवी गर्दै उनले निर्यातमुलक क्षेत्रमा बाह्य लगानी आकर्षित गर्नेखालका नीति बनाउनुपर्ने पनि बताए ।


गण्डकी प्रदेशको आर्थिक सम्भाव्यताबारे लामो व्याख्या गर्दै उनले प्राकृतिक रुपले पनि गण्डकीको केन्द्र रहेको पोखरालाई पूर्वी एसिया र दक्षिण एसियाको सेतु बनाउनुपर्ने धारणा राखे ।

'नेपाललाई तीन वर्षभित्र विकाशील मुलुकमा,१० वर्षभित्र मध्यम आय भएको र २० वर्षमा पहिलो विश्वको अवस्थामा पुऱ्याउन सकिन्छ,'उनले भने,त्यसका लागि सर्पजस्तो घस्रने हैन, भ्यागुताजस्तो उफ्रने छलाङमय आर्थिक नीति निर्माण गरिनुपर्छ ।' संघीयताको सफल कार्यान्वयन र हिमाल, पहाड, तराइ/मधेशका सबैजीत बीच सद्भाव र एकता,विधिको शासन र बलियो शान्ति-सुरक्षा,देशलाई पूर्वी र पश्चिमा सभ्यताको केन्द्र बनाउनुपर्ने तथा नेपाललाई ज्ञानको, शान्तिको र हरित विकासको केन्द्रको रुपमा विकास गर्नुपर्ने उनले बताए ।

कार्यपत्रमाथि टिप्पणी गर्दै गण्डकीका आर्थिक मामिलामन्त्री डा. टकराज गुरुङले डा. भट्टराईको कार्यपत्रमाथि टिप्पणी गर्दै वित्तीय संघीयता कार्यान्वयनमा नआउँदा प्रदेशहरु बलियो हुन नसकेको धारणा राखे । उनले प्रदेशले निर्माण गरेको दोस्रो पञ्चवर्षीय योजनाले केही महत्वपूर्ण परियोजनाहरु निर्माणको लक्ष्य लिएको बताउँदै ती काम गर्न सके प्रदेश विकासले गति लिने धारणा राखे । पोखराका मेयर धनराज आचार्यले नेपालको कर्मचारीतन्त्र पुरानै ढर्रामा चल्दा व्यवसाय मैत्री कानून नबन्दा देशले सोचेजस्तो आर्थिक फड्को मार्न नसकेको बताए । जग्गा प्राप्तिजस्ता विषय जटिल हुँदा, मुआब्जा विवादले काम रोकिँदा लक्ष्य अनुसारको विकास प्राप्त नभएको पनि उनको जिकिर थियो । मध्यपहाडी राजमार्गको कास्की खण्डमा ८ किलोमिटर सडकको ट्र्याक खोल्न सास्ती भएको सुनाउँदै उनले भने,' करिब ६ महिना भयो,समस्या सल्टिदैन । यो विषयमा पैरवी गर्ने समूह पनि भएनन् ।

पोखरा उद्योग वाणिज्य संघ तथा कार्यक्रमका अध्यक्ष गोकर्ण कार्कीले १७ सय ६५ किलोमिटर लामो राष्ट्रिय गौरवको परियोजना मध्यपहाडी लोकमार्ग समयमै सम्पन्न नहुँदा, राजमार्गसँगै निर्माण गर्ने भनिएका स्याटेलाइट सिटीको काम अगाडि नबढ्दा बसाइँसराइ रोक्न नसकिएको तर्क गरे । २०७८ सालको जनगणनालाई आधार मान्दै उनले भने,'यसपटक तराईको जनसंख्याको हिस्सा बढेर ५३.६१ देखायो भने पहाडको घटेर ४०.३१ मा सीमित भएको छ । अघिल्लो दशकमा ऋणात्मक जनसंख्या भएका २७ वटा जिल्ला रहेकोमा यस दशकमा हिमाल र पहाडका अरू सातवटा जिल्ला थपिएर ३४ वटा जिल्लाको जनसंख्या ऋणात्मक वृद्धितर्फ जानुलाई कुनै पनि कोणबाट राम्रो मान्न सकिँदैन । बसाइँसराइ रोक्न भनेर निर्माण गरिएको मध्यपहाडीले २४ जिल्लामध्ये २० वटाको जनसंख्या वृद्धिदर ऋणात्मक किन भयो ? उदयपुर, सिन्धुली, कास्की, पूर्वी रुकुम, पश्चिम रुकुम र जाजरकोट बाहेकका जिल्लाले जनसंख्या किन गुमाए

बाँकी अन्तिम पृष्ठमा ▶▶

# पूर्व सैनिक विष्फोटक पदार्थ सहित पक्राउ

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ४ कार्तिक



स्याङ्जाको चापाकोट नगरपालिका ४ का नेपाली सेनाबाट अवकास गोविन्द पुरी विष्फोटक पदार्थ सहित पक्राउ परेका छन् ।

दुई बर्ष अगाडी नेपाली सेनाबाट अवकास भएका ४५ बर्षिय पुरीको घरबाट ठुलो मात्रमा बिष्फोटक पदार्थ सहित पक्राउ परेका हुन् । शनिवार घरको तेस्रोतलाबाट दोस्रो तलामा भाडाँहरु सार्नेक्रममा सकेट बम विष्फोट भएर पुरी घाइते भएका थिए । एक्कासी घरमा भाडाँवर्तन सार्नेक्रममा सकेटबम पड्किएर पुरी घाइते भएको खबर इलाका प्रहरी कार्यालय चापाकोटलाई पुगेपछि प्रहरी घट्नास्थलमा पुगेको थियो । प्रहरीले विष्फोटबाट घाइते भएका पुरीलाई थप उपचारका लागि पाल्पा स्थित लुम्बिनी मेडिकल कलेजमा पठाएको थियो । उपचारपछि अस्पतालले पुरीको स्वास्थ्य अवस्था खतरामुक्त रहेको भन्दै घरमा पठाए सगै प्रहरीले थप अनुसन्धान गर्न उनलाई नियन्त्रण लिएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरिक्षक हरी पौडेलले जानकारी दिए । शनिवार साझ विष्फोट भएपछि सकेट बम हो वा अन्य कुनै बस्तु हो भन्ने बिषयमा घट्नास्थमा पुगेर अनुसन्धान नगरे सम्म जानकारी दिन नमिल्ने जनाएको प्रहरीले आइतबार घट्नास्थल पुगेर अनुसन्धान गरेको थियो । प्रहरी र नेपाली सेनाको बिशेष टोलीले अनुसन्धान गर्दा विष्फोटक पदार्थ विष्फोट भएको जनाएको छ । पुरीको घरबाट थप ठुलो परिणाममा विष्फोटक पदार्थ फेला पारेको डिएसपी पौडेलले बताए । उनका अनुसार पुरीको घरबाट बिस्फोट नभएको ९ सय ग्राम बारुद, डेटकड २ थान, जंगी राउण्ड १ थान र खाली खोका २ थान बरामद गरिएको जानकारी दिए । अवकास प्राप्त नेपाली सेना भएकाले बम बनाउने बारुद सहित अन्य विष्फोटक पदार्थ कहाँबाट ल्याएका हुन् भन्ने बिषय अनुसन्धान पछि खुल्ने प्रहरीले जनाएको छ । पुरीको विष्फोटबाट दायाँ आँखा भन्दा मुनी, बाँया खुट्टा र नाइटो भन्दा तल चोट लागेको थियो । उनको अवस्था अहिले सामान्य रहेको र इलाका प्रहरी कार्यालय चापाकोटले नियन्त्रणमा लिएर राखेको बताइएको छ । घाइते भएका पुरी सुनवलमा बस्दै आएको र दशैंमा टिका लगाउन घरमा आएका थिए । उक्त घरमा पुरीका बुवाआमा मात्रै बस्दै आएको बताइएको छ । विष्फोटक पदार्थ आफैले राखेको ठहर भएमा पुरीलाई विष्फोटक पदार्थ सम्वन्धी मुद्धा दर्ता गरी कारवाही अगाडी बढ्ने प्रहरीले जनाएको छ ।

# मनाङमा लेक लागेर पर्यटकको मृत्यु

**पोखरापत्र संवाददाता**
मनाङ, ४ कार्तिक

मनाङको डिस्याङ गाउँपालिकामा लेक लागेर एकजना पर्यटकको मृत्यु भएको छ ।

डिस्याङ-३ याकखर्कमा टेन्टमा बसिरहेका स्विजरल्याण्डका नागरिको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । चुलु फरेष्ट जाने क्रममा टेन्टमा बसेका स्विजरल्याण्डका नागरिक राहदानी नं एस ०८८५१८७ भएका करिब ६३ वर्षीय मार्कुस सेसलरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजेन्द्रबहादुर केसीले जानकारी दिनुभयो । राति सकुशल सेतेका निज बिहान नउठेपछि लेक लागेर मृत्यु भएको अनुमान गरिएको उहाँले बताउनुभो । "लेक लागेर मृत्यु भएको छ भन्ने खबर आज बिहान सुरक्षामा खटिएका गार्ड कर्मा शेर्पामार्फत प्राप्त भएको हो", प्रहरी निरीक्षक केसीले भन्नुभयो, "सूचना प्राप्त भएलगत्तै घटनास्थलमा पुगेर उद्धार गरी हेलिकप्टरमार्फत काठमाडौं पठाउने तयारी भइरहेको छ ।" उहाँले १० विदेशी र २३ जना नेपाली नागरिकको उद्धार गरिएको जानकारी दिनुभयो ।

# रवि ...

गर्ने क्रममा प्रहरीसँग रास्वपाका नेता तथा कार्यकर्ताहरु बिच सामान्य हात हालहालको स्थिती सृजना भए पछि प्रहरीले पानीको फोहोरा र अश्रुग्यास समेत प्रहार गरेको थियो । जिल्ला प्रशासनले निषेधाज्ञा जारी भएको सूचना ढिला गरी प्रवाह गर्दा रास्वपा र सहकारी पिडितहरुले आन्दोलन सुरु गर्दै गर्दा शहिदचोक र राष्ट्र बैंक चोक क्षेत्रलाई समेत निषेधाज्ञा तोकिएको थियो । रास्वपाका नेता कार्यकर्ताहरु विहान १०:०० बजे देखि जम्मा भएका थिए । उक्त सूचना पत्रकार माझ करिब बिहान ११:३० बजे मात्र आएको थियो ।

जिल्ला अदालत कास्कीमा उपस्थित हुनु भएको सभापति लामिछानेले आफ्नो पक्षमा भन्दा पनि यो सरकारको बिरुद्ध सडकमा उर्त्रिन आग्रह गर्नु भयो । उहाँले आफुले न्याय पाउने दाबी गर्नु भयो । यसै क्रममा नेपाल पत्रकार महासंघले आइतबार एक प्रेस विज्ञेप्ति जारी गरी पत्रकार माथि भएको हातपातको घोर निन्दा र भत्सना गरेको छ । महासचिव रोशन पुरीले हस्ताक्षर गरेको प्रेस विज्ञेप्तिमा आगामी दिनमा यस्ता घटना नदोहोराउन चेतावनी दिदै दोषी उपर कार्वाही गर्न माग समेत गरिएको छ । पत्रकार अनिता घिमिरे, निरज तामाङ र क्यामरा पर्सन अर्जुन भण्डारी माथि रास्वपाका कार्यकर्ताबाट दुर्व्यवहार भएको महासंघले जनाएको छ । त्यसै गरी उक्त कार्यक्रमको रिपोटिङमा खटिनु भएको पत्रकार सागरराज तिमिल्सिना समेत सामान्य घाइते हुनु भएको छ ।

# आर्शिवाद क्लवको अध्यक्षमा अर्जुन र इन्चार्जमा मनिष

**पोखरापत्र संवाददाता**
पोखरा, ४ कार्तिक



पोखरा महानगरपालिका वडा नं १३ आर्वा स्थित आर्शिवाद क्लव अफ नेपालको दोश्रो अधिवेशन तथा तेस्रो साधारण सभाले अर्जुन वराललाई अध्यक्ष पदमा चयन गरेको छ ।

शनिवार भएको साधारण सभाले क्लवको इन्चार्जमा मनिष वराल, उपाध्यक्षमा भिषण वराल, अङ्कित वराल, निसा देवकोटा, सचिवमा शुषान्त वराल, कोषाध्यक्ष शिशिर वराल, सह सचिवमा क्रमश विद्या वराल, सगिता वराल र डिजोन सापकोटा, सह कोषाध्यक्षमा विपना सुनार चयन भएका छन् । त्यसैगरी समग्र विभाग प्रमुखमा आशिष वराल, स्वास्थ्य विभाग प्रमुखमा विनायक अधिकारी, आइटी विभाग प्रमुखमा विश्वास खनाल, खेलकुद विभाग प्रमुखमा सक्रिय वराल, संस्कृति विभाग प्रमुखमा सुजन वराललाई जिम्मा दिएको छ । क्लवको कार्य समितिमा १९ जना सदस्य रहेका छन् । वडा नं १३ का वडा अध्यक्ष किरण वरालले आर्वाको विकासमा हामी सबै मिलेर अगाडि बढ्नु पर्ने धारण राखे । क्लवमा आज सम्म समाजमा राम्रो कार्य गर्दै आएकोमा अध्यक्ष वरालले प्रशंसा गरे । आर्शिवाद क्लव अफ नेपालका अध्यक्ष मनिष वरालको अध्यक्षतामा भएको कार्यक्रममा क्लवका संस्थापक इन्चार्ज विक्रम वराल, निवर्तमान इन्चार्ज रवि वराल र पत्रकार श्रीराम सिग्देल लगायत वोलेको कार्यक्रममा क्लवका उपाध्यक्ष शुषान्त वरालले स्वागत र सचिव अर्जुन वरालले संचालन गरेका थिए ।

# समुन्नतिका ...

? मध्यहाडमै रहेका बस्नयोग्य ५ लाख घर किन खाली भए ? यो प्रश्न पनि उत्तिकै पेचिलो बनेको छ ।' यद्यपि, पूर्वको नेपाल-भारत सीमानामा रहेको पाँचथर चियो भन्ज्याङदेखि सुदूरपश्चिममा पर्ने बैतडीको झुलाघाटसम्मका जनताले मध्यपहाडी लोकमार्गबाट केही न केही लाभ भने पाउन थालेको चाहिँ उनले बताए । मध्यपहाडी राजमार्गअन्तर्गत गोरखामा ५३, लमजुङमा ४५, कास्कीमा ८२, पर्वतमा २५ र बागलुङमा १४० गरी गण्डकी क्षेत्रमा ३४५ किलोमिटर सडक बनाइँदै छ । उनले बसाइँसराइले पारेको असरभन्दा पनि मध्यपहाडी र निर्माणाधीन त्रिवेणी- कोरोला राजमार्गबाट गण्डकी क्षेत्रले कसरी लाभ लिने भन्ने विषयमा कार्यक्रम केन्द्रीत भएको बताए ।

पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमका अनुसार आर्थिक समृद्धिका लागि निजी क्षेत्रले पहलकदमी लिने सिलसिलामा यो कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघकी महासचिव जानुका पराजुली, अगुवा महिला उद्यमीहरु रामकली खड्का, सीता गुरुङ, पोखरा ३ का निवर्तमान अध्यक्ष रवीन्द्रबहादुर प्रजु, व्यवसायी यमनाथ अर्याल, अरुणोत्तम त्रिपाठीलगायतले पनि मन्तव्य राखेका थिए ।

# सराङकोट सहकारीको उत्सवमा रोटरी लेकसाइडको रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, ४ कार्तिक



सराङकोट बहुउद्देश्यीय सहकारी सस्थाको १८ औं वार्षिक उत्सवको अवसरमा हालै खुला रक्तदान गरिएको छ ।

सस्थाले वार्षिक उत्सवसँगै मानवीय सामाजिक उत्तरदायित्वका लागि हरेक वर्ष रक्तदानसहित विविध सामाजिक कार्यहरु गर्दै आएको संस्थाका अध्यक्ष कृष्णबहादुर थापाले बताए । रोटरी क्लब अफ पोखरा लेकसाइड र लायन्स क्लब पोखरा दर्पणको सहकार्यमा रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा भएको कार्यक्रममा ३३ युनिट रगत संकलन भएको छ ।

संस्थाका सल्लाहाकार तथा पूर्व जनस्वास्थ्य प्रमुख सोभियत बहादुर अधिकारीले पहिलो रक्तदाता रोटरी क्लब लेकसाइडका अध्यक्ष उपेन्द्र अधिकारीलाई ब्लड ब्याग हस्तान्तरण गरेर कार्यक्रम सुरु गरिएको थियो । रक्तदानको महत्वसँगै सहकारीमार्फत् भएका रचनात्मक कार्यले समाजमा सकरात्मक एकताको सन्देश दिएको अधिकारीले बताए ।

कार्यक्रममा रक्तसञ्चार केन्द्रका प्रमुख महेन्द्र केसी, रोटरी क्लब लेकसाइडका निवर्तमान अध्यक्ष शोभाकान्त सिग्देल, पूर्व अध्यक्षहरु अर्जुन खनाल, राजेन्द्र लिगल, डा. वीरबहादुर कार्की, लायन्स क्लब ३२५ एल रक्तसञ्चार प्रमुख जितेन्द्रमान शाक्य, जोन प्रमुख महेन्द्र पौडेल, पोखरा दर्पणका कार्यवाहक अध्यक्ष पदमलाल अधिकारी, सामुदायिक रेडियो प्रसारक संघ गण्डकीका कोषाध्यक्ष तीर्थ केसी लगायतले आआफ्नो धारणा राखेका थिए ।

सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर थापाको सभापतित्वमा भएको कार्यक्रममा सचिव कुलप्रसाद सुवेदी, व्यवस्थापक सुरेन्द्र थापा, सञ्चालक तारादेवी थापा, रोटरी कार्यक्रम संयोजक राजकुमार अर्याल लगायतले भनाइ राखेका थिए ।

विसं २०६३ मा स्थापित सहकारीले सामुदायिक रेडियो सराङकोटको सञ्चालन सँगै बचत तथा ऋण मार्फत् गएको वर्ष २ अर्व ३४ करोडको कुल कारोबारसँगै ४४ करोड कर्जा लगानी गरेको छ ।


## Embassy of India
## Pension Paying Office
## Rambazar, Pokhara (Nepal)

**BUILDING MAINTENANCE WORKS OF EMBASSY OF INDIA, PPO POKHARA**

1. Sealed tender documents/ quotations are invited directly from reputed bidders for the following works:-
(a) Colouring of whole main boundary wall of EoI, PPO Pokhara.
(b) Repair/ renovation of compound wall surrounding of treasury guard room of EoI, PPO Pokhara.
(c) Repair of roof of office store room of EoI, PPO Pokhara.
(d) Repair & renovation of staff ladies washroom of main office building of EoI, PPO Pokhara.
2. The last date of receipt of offer in sealed envelope (Technical Bid and Financial Bid) separately in each work is on or before 04 Nov 2024 up to 1700 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents can be collected from Embassy of India, Pension Paying Office, Rambazar, Pokhara (Nepal). Tele No 061-434240/ 061-435804/061-435805.
3. Bidders may visit the proposed work site before submitting the bid


**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**



## कपालको उपचार
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# अराजकता नरोज

सहकारी बचत अपचलनसम्बन्धी संसदीय विशेष समितिको प्रतिवेदन कार्यान्वयन भएको छा प्रहरीले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई काठमाडौंबाट पक्राउ गरी कास्की जिल्ला अदालतमा प्रस्तुत गरेको छ। जिल्ला अदालतले छ दिन थुनामा राख्ने अनुमति दिएको छारवि लामिछानेको पक्राउलाई रास्वपाले सामान्य रुपमा लिन सकेनासबै नेता कार्यकर्ता पक्राउ विरुद्ध सडकमा उत्रेका छन।

देशको गृहमन्त्री रहेको व्यक्तिले पक्राउ सामान्य कानुनी प्रक्रियालाई पनि राष्ट्रिय स्वतन्त्र पार्टीका नेता कार्यकर्तालाई उत्तेजित बनाउने काम गरेका छन। । लामिछानेलाई पक्रन प्रहरी नजाँदैदेखि काठमाडौंमा नेता कार्यकर्ता भेला भएर नारावाजी गर्न थालेका थिए भने सडकबाट पोखरा जाँदा राति बाटामा पर्ने केही स्थानमा समेत नारावाजी गरिएको थियो। कास्की प्रहरीमा लादा होस जिल्ला अदालतमा लादा भएको प्रदर्शन कानुनको शासनलाई सुहाउँदो छैन। विधिको शासनको सम्मान गर्छौं भन्नेले हात्तीको देखाउने दाँत जस्तै बनाएका छन।

प्रहरीले अदालतबाट अनुमति लिएरै पक्रेको हो। पक्रेको निश्चित समयभित्र प्रहरीले अदालतमा प्रस्तुत पनि गर्नुपर्छ। यसमा अहिलेसम्म प्रहरीले प्रक्रिया मिचेको पनि देखिएको छैन। यसैले अहिले रास्वपा सभापति रवि लामिछानेको रिहाइको माग गर्दै गरिएको प्रदर्शन अराजकता मच्चाउने हो। पूर्वगृहमन्त्री भएबापत रवि लामिछानेले केही सुविधा पाउलान् तर नेपालको संविधानले कसैलाई पनि 'विशेष' र 'मामुली' बनाएको छैन। संविधानको धारा १८ को उपधारा ९१० मा स्पष्ट लेखिएको छ। "सबै नागरिक कानुनका दृष्टिमा समान हुनेछन्।" यसैले लामिछानेले पनि प्रचलित कानुन र कानुनी प्रक्रियाको पालना गर्नै पर्छ। सहकारी पीडितहरूको एउटा केन्द्र पनि रहेको पोखरामा लामिछानेको पक्राउको समर्थनमा पनि जुलुस निस्केपछि मुठभेडको आशंकाले स्थानीय प्रशासनले निषेधाज्ञा नै जारी गर्नुपर्‍यो।

छोटो समयका लागि नै भए पनि रवि लामिछाने दुईपटक मुलुकको गृहमन्त्री भइसकेका व्यक्ति हुन्। यसैले पनि उनले कानुनी प्रक्रियाको सम्मान गर्ने र अराजकता बढ्ने क्रियाकलाप नगर्ने अपेक्षा गरिनु अस्वाभाविक होइन। प्रहरी हिरासतमा रहेको व्यक्तिले ,सडकबाटै सरकार ढाल्न कार्यकर्तालाई उनले गरेको आह्वानले उनी अराजकताका पक्षमा देखिन पुगेका छन्।

आशा गरौँ, आवेग मत्थर भएपछि रास्वपाका नेता कार्यकर्ता र स्वयं सभापति लामिछानेले संयमित भएर अहिलेको घटनाक्रमको समीक्षा गर्नेछन्। विशेषगरी लामिछानेको पक्राउ उनको मात्र होइन सिंगो रास्वपाको पनि 'अग्निपरीक्षा' हो। सभापति लामिछानेभन्दा पार्टी महत्त्वपूर्ण हुन्छ भन्ने हेक्का राखिनेछ! रास्वपा लोकतान्त्रिक शक्तिका रूपमा स्थापित हुन्छ कि विधिको सम्मान नगर्ने अराजक संगठन बन्ने हो भन्ने उसको अहिलेकै व्यवहारले निर्धारित गर्नेछ। उग्रता र अराजकताबाट क्षणिक लाभ भएजस्तो देखिए पनि दीर्घकालीनरूपमा हानि नै हुन्छ। रास्वपा एक व्यक्तिको पछि नलागी राजनीतिक पार्टीकै रुपमा उभिनुपर्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# पोखरा पर्यटन परिषद्द्वारा आरोही गुरुङलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ४ कार्तिक

पोखरा पर्यटन परिषद्ले आठ हजार मिटरभन्दा बढी उचाइका १४ वटा हिमाल सफल आरोहण गर्नुभएका तेजन गुरुङलाई एक समारोहबीच आइतबार पोखरामा सम्मान गरेको छ।

आरोही गुरुङलाई कार्यक्रमका प्रमुख अतिथि एवं पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले संयुक्त रूपमा सम्मान गर्नुभएको हो। कार्यक्रममा महानगरपालिकाका प्रमुख अचार्यले गण्डकी प्रदेशले पर्वतीय पर्यटनका धेरै सम्भावना बोकेको बताउनुभयो। आरोही गुरुङले हिमाल आरोहणमार्फत गर्नुभएको कीर्तिमानी पोखरासहित समग्र राष्ट्रकै लागि गौरवको विषय भएको उहाँले बताउनुभयो।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पदयात्रा र पर्वतीय पर्यटनको विकासमा जोड दिँदै गण्डकी प्रदेशका हिमालहरूमा आरोहणको क्रम बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। आरोहणका माध्यमबाट गुरुङले बनाउनुभएको कीर्तिमानी प्रशंसायोग्य भएको उल्लेख गर्दै उहाँले गुरुङले आगामी दिनमा पनि महत्वपूर्ण सफलता हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो। आरोही गुरुङले विभिन्न समयमा आठ हजार मिटरभन्दा बढी उचाइका सगरमाथा, ल्होत्से, अन्नपूर्ण, मकालु, कञ्चनजङ्घा, नाङ्गा पर्वत, जि टू, जि वान, बोर्ड पिक, के टू, मनास्लु, धौलागिरि, चोयू र शिसापन्ज्म हिमालहरू आरोहण गर्नुभएको थियो। कार्यक्रममा पोखरा पर्यटन परिषद्का उपाध्यक्ष चौबहादुर गुरुङ, सचिव नारायण सुवेदी लगायतले गण्डकी प्रदेशमा पर्वतीय पर्यटनका विविध सम्भावनाबारे धारणा राख्नुभएको थियो।

# कक्षा १२ को मौका परीक्षामा अङ्ग्रेजीमा धेरै अनुत्तीर्ण

**रासस**
काठमाडौं, ४ कार्तिक

राष्ट्रिय परीक्षा बोर्डले आइतबार सार्वजनिक गरेको कक्षा १२ को मौका परीक्षामा सबैभन्दा बढी अङ्ग्रेजी विषयमा विद्यार्थी अनुत्तीर्ण भएका छन्।

बोर्डले गत भदौ २५ र २६ गते सञ्चालन गरेको कक्षा १२ को ग्रेडवृद्धि अर्थात् पूरक परीक्षाको आज सार्वजनिक नतिजाअनुसार ५७ हजार ६ सय ९० जनाले अङ्ग्रेजी विषयको परीक्षा दिएकामा १७ हजार नौ सय ४२ जना अनुत्तीर्ण भएको परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिनुभयो। यस्तै, लेखा विषयमा २४ हजारले परीक्षा दिएकामा आठ हजार तीन सय १५ विद्यार्थी अनुत्तीर्ण भएका छन्। मौका परीक्षामा सहभागी भएर पनि ३७ हजार १७ जनाले नतिजा सुधार गर्न नसकेको बोर्डले जनाएको छ। कुल एक लाख २२ हजार एक सय ७१ जनाले परीक्षा दिएकामा ८६ हजार दुई सय ४६ जना अर्थात् ७० दशमलव ६० प्रतिशत उत्तीर्ण भएकामध्ये अनिवार्य गणितमा ४५, फिजिक्समा दुई, लेखामा १०, ऐच्छिक गणितमा एक, कम्प्युटर साइन्समा दुई र केमेस्ट्रीमा एकजना गरी कूल ६१ जनाले मात्रै 'ए प्लस' ल्याएका छन्।

# खसीबोका बेचेर आत्मनिर्भर बन्दै तङ्ग्रामका महिला

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ कार्तिक

काठेखोला गाउँपालिका-४ तङ्ग्रामका महिला खसीबोका बेचेर आत्मनिर्भर बन्दै गएका छन्। सप्तरङ्गी सामाजिक उद्यमी महिला सहकारी र वसन्त सहकारीमार्फत यहाँका महिलाले खसीबोका पाल्ने र बच्दै व्यवसाय गर्दै आएका हुन्।

महिला समूह स्थापना गरी सोही सहकारीमार्फत महिलाले वार्षिक करिब रु चार करोड गाउँ भित्राउँदै आएका छन्। पछिल्लो समय युवा शिक्षा तथा रोजगारीका लागि विदेश जान थालेपछि गाउँ रित्तिन थालेको थियो। यहाँका महिला एकताबद्ध भएर बाख्रापालनमा व्यवसायमा लागेका हुन्। महिलाले उत्पादन गर्ने खसीबोका सहकारीले बिक्री गर्ने गरेको सप्तरङ्गी सामाजिक उद्यमीका प्रबन्धक मनु पुनले बताउनुभयो। सप्तरङ्गी सहकारीले वार्षिक रु दुई करोड र वसन्त सहकारीले रु एक करोड ९० लाख बढीको खसीबोका बिक्री गर्दै आएका छन्। महिलालाई उद्यमसँग जोड्नका लागि स्थापना भएको सप्तरङ्गी सहकारीमा तीन सय ८० र वसन्त सहकारीमा पाँच सय ६४ जना महिला आबद्ध छन्। सप्तरङ्गी सहकारीले यस वर्षको दसैंमा पाँच सय खसीबोका बिक्री गर्न तयार गरेकामा करिब एक सय बिक्री भएको संस्थाका प्रबन्धक पुनले जानकारी दिनुभयो। अघिल्लो वर्षको तुलनामा यसवर्ष खसीबोकाको माग कम भएकाले बिक्री गर्न नसकिएको उहाँले बताउनुभयो। "गत वर्षको दसैंका बेला पाँच सय बढी खसीबोका बिक्री भएको थियो, यसवर्ष धेरै बिक्री गर्न सकिएन, सहकारीमार्फत प्रत्येक महिना महिलाले उत्पादन गरेका ६० का दरले वार्षिक एक हजारभन्दा बढी खुसीबोका बिक्री हुन्छ", पुनले भन्नुभयो, "गाउँका अधिकांश दिदीबहिनीले मेहनत गरेर आत्मनिर्भर बन्दै जानुभएको छ। सहकारीले पनि उहाँहरुलाई सहयोग गर्दै आएको छ। अघिल्लो वर्ष वार्षिक करिब रु दुई करोड चार लाख ४० हजारको खसीबोका बिक्री गरेका थियौं।"

पुनले यस मङ्सिर महिनामा गाउँमा पूजा हुने परम्परा रहेकाले मङ्सिरमा धेरै बोकापाठा बिक्री हुने बताउनुभयो। दसैंमा अन्य ठाउँबाट पनि भेडा, च्याङ्ग्रा र खसीबोका बिक्री गर्न बागलुङ ल्याउँदा आफूहरुको उत्पादनले बजार नपाएको उहाँले उल्लेख गर्नुभयो। वसन्त सहकारीकी प्रबन्धक हेमा विश्वकर्माले पछिल्लो समय खसीबोकाले बजार नपाउँदा आम्दानी कम हुँदै गएको बताउनुभयो। अघिल्लो वर्षमा सहकारीमार्फत हरेक महिना एक सयदेखि एक सय ५० वटासम्म खसीबोका बिक्री गर्ने गरेको भन्दै अहिले ५० को हाराहारीमा मात्रै बिक्री भएको उहाँले जानकारी दिनुभयो। पहिले वार्षिक एक हजार पाँच सय खसीबोका बिक्री गर्दा रु दुई करोड १० लाख गाउँ भित्र्याउने गरेको भन्दै विश्वकर्माले यसवर्ष करिब रु दुई करोड मात्रै आम्दानी भएको उल्लेख गर्नुभयो। यस वर्षको दसैंका लागि आठ सय खसीबोका तयार भए पनि तीन सय मात्र बिक्री भएको उहाँले जानकारी दिनुभयो। "अहिले बजारको माग कम भएको छ। यसअघिका वर्षहरुमा खसीबोकाको माग निकै आउने गरेकामा अहिले मूल्य बढे पनि माग कम छ", विश्वकर्माले भन्नुभयो, "खसीबोका पालनबाट महिला आत्मनिर्भर बन्दै जानुभएको छ, यो सकारात्मक पक्ष हो।" स्थानीय निकायसँगको समन्वयमा सीप विकासका लागि तालिमको व्यवस्था गर्न सके महिलाहरु यसप्रति अझै आकर्षित हुँदै जाने उहाँले विश्वास व्यक्त गर्नुभयो।


## वालिङ नगरपालिका
## नगर कार्यपालिकको कार्यालय
### वालिङ, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी प्रकाशित सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०७।०५ गते

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र यस वालिङ नगरपालिकाको आन्तरिक आय संकलन तथा आय ठेक्का बन्दोबस्ती सम्बन्धी कार्यविधि २०७७ को व्यवस्था बमोजिम नगरसभाबाट स्वीकृत भए बमोजिम तपसिलमा उल्लेखीत नदी/खोलाहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमजिम नदीजन्य पदार्थ उत्खनन् गरी वालिङ नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | ठेक्का नाम (विवरण) | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम मु.अ.कर बहेक | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | २/२०८१/०८२ | भिरकोट नगरपालिकाको सीमाना ओढारेदेखि सुर्कौदी पुलको मापदण्डसम्म वालिङ न.पा. वडा नं १/६/९ र ११ | २०६६० | ६५६१४०९/– | १८०४३८/– | ३०००।० |
| २ | ३/२०८१/०८२ | सुर्कौदी पुलको मापदण्डदेखि गल्याङ नगरपालिकाको सिमाना सम्म वालिङ न.पा. वडा नं ८/९/१० र १३ | १५६२० | ४९६०७५५/– | १३६४२०/– | ३०००।० |

**शर्तहरुः**

१) फर्मको हकमा आ व २०८१/०८२ को लागि नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, यस कार्यालयको नेपाल बैंक लि. वालिङ शाखामा रहेको यस कार्यालयको खाता नं ०८३०३००००१००१००००१ मा जम्मा गरेको बैंक भौचर वा राजस्व शाखामा नगदै रु.३००० तिरेको रसिद साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र बैंक जम्मा गरेको बैंक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको www.ppmo.gov.np (विद्युतीय माध्यम तथा हार्डकपी) द्वारा बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ। आफूले बोलकबोल गरेको अंकको धरौटी वापतको रकम यस कार्यालयको नेपाल बैंक लि. वालिङ शाखामा रहेको धरौटी खाता नं ०८३०३००००३००००००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौंचर वा ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत १२० दिनको म्याद भएको विड बण्ड पेश गर्नु पर्नेछ।

२) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन् र रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको २ बजेदेखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन्। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

३) प्रि विड बैठक यो सूचना प्रकाशित मितिले ७ दिन दिनको २ बजे वालिङ नगरपालिकाको कार्यालयमा हुनेछ। इच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गन सक्नुहुनेछ। उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

४) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन् बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

५) बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत रु.५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउन पर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको नाममा २०८२ साल जेष्ठ १५ गतेसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्ट बन्ड) समेत पेश गरी पट्टा उठाउन पर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक सो वा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउन पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन पर्नेछ।

६) तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस वालिङ नगरपालिका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम हुनेछ। साथै यस कार्यलयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

७) **बोलपत्र फारम खरिद/दर्ता गर्ने समयः**

| | | |
|---|---|---|
| बोपपत्र फारम खरिद गर्ने अन्तिम मिति र समयः २०८१।०८।०४ कार्यालय समय भित्र | बोलपत्र दर्ता गर्ने अन्तिम मितिः २०८१।०८।०५ गते, समयः १२:०० बजे भित्र | बोलपत्र खोल्ने मिति २०८१।०८।०५ गते समयः २:०० बजे |

# महाशिलामा सात करोडका पर्यटकीय पूर्वाधार निर्माण

**रासस**
पर्वत, ४ कार्तिक

पर्वतको महाशिला गाउँपालिका-५ लुङ्खुदेउरालीमा अवस्थित एसियाकै ठूलो महाशिला (ढुङ्गा)मा रु सात करोडको लगानीमा पर्यटकीय पूर्वाधार निर्माणसँगै पर्यटकको आकर्षण बढ्न थालेको छ।

सडकमार्गको पहुँचसँगै महाशिला वरिपरि आकर्षक संरचना निर्माण गरिएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालय र स्थानीय गाउँपालिकाको लगानीमा विभिन्न संरचना निर्माण गरिएका हुन् । सदरमुकाम कुश्माबजारबाट करिब ४० किलोमिटरको दूरीमा पर्ने महाशिलामा रहेको यो ठूलो ढुङ्गा स्थानीयस्तरमा मेहलढुङ्गाको नामले परिचित छ । यसको अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दै गएको महाशिला धार्मिक तथा पर्यटकीय विकास संस्थाका अध्यक्ष पुष्पराज पौडेलले बताउनुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत रु चार करोड १२ लाखको लागतमा पर्यटकका लागि सुविधासम्पन्न आश्रम भवन, स्वामिनारायण गुफा, मन्दिर तथा शौचालय निर्माण गरिएको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा महाशिला परिसरमा रु एक करोडको लागतमा एक सय आठ गौमुखी धारा, महाशिला परिक्रमा गर्ने पदमार्ग, मुख्य गुफा तथा पुरानो संरचना संरक्षणलगायत पूर्वाधार तयार गरिएको छ । नेपाल पर्यटन बोर्डमार्फत रु ११ लाखको लागतमा ट्रष्ट भवन बनाइएको छ भने गाउँपालिकाले पनि विभिन्न संरचना तथा सडक पूर्वाधारमा लगानी गरेको छ । चालु आर्थिक वर्षमा समेत सङ्घीय मन्त्रालयमार्फत रु एक करोड ५० लाख विनियोजन भएको संस्थाका अध्यक्ष पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त बजेट महाशिला परिसरमा पर्खाल निर्माण तथा आश्रम भवनमा आवश्यक सामग्री खरिदलगायतमा खर्चिने भएको छ । केही वषअघिसम्म आवश्यक प्रचारप्रसार र पूर्वाधारको अभावमा ओझेलमा परेको महाशिलामा अहिले धार्मिक, आन्तरिकसँगै बाह्य पर्यटकसमेत आउन थालेको अध्यक्ष पौडेलको भनाइ छ । लुङ्खुदेउरालीमा पक्की मोटरबाटोको सुविधा पुगेकाले पनि पोखरा, स्याङजा, गुल्मी, बुटवल, पाल्पालगायत जिल्लाबाट सिधैँ पर्यटक आउने गरेको स्थानीय सरस्वती अधिकारीले बताउनुभयो । महाशिला एक पटक हिँडेर परिक्रमा गर्दा एक माना चामलको भात पाक्ने किंवदन्ती छ । एकपटक घुम्दा १० मिनेटभन्दा बढी समय लाग्छ । यहाँ हरेक एकादशी, बालाचतुर्दशी, शिवरात्रि, रामनवमी, अक्षयतृतीयालगायत चाडपर्वमा मेला लाग्छ। महाशिला गाउँपालिकाको नामकरण यही शिलाको नामबाट गरिएको हो । एक सय ३० मिटर अग्लो शिला झण्डै १० रोपनी क्षेत्रफलमा फैलिएको छ । शिला परिसरमा विभिन्न संरचना निर्माणका लागि स्थानीयवासीले निःशुल्क जग्गासमेत दान गरेका छन् । अहिले शिलाको स्वामित्वमा झण्डै २० रोपनी क्षेत्रफल रहेको अध्यक्ष पुष्पराज पौडेलले बताउनुभयो ।

महाशिला गाउँपालिकाले यसको विकासका लागि रु ७० करोडको गुरुयोजनासमेत बनाएको छ । गुरुयोजनाअनुसार काम अघि बढाउँदै लगिएको गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताउनुभयो । सङ्घीय र प्रदेश सरकारसँगको पहलमा गण्डकी प्रदेशकै आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना छ ।

# धारा बने पनि पानी आएन

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ कार्तिक

बागलुङ नगरपालिका-१ रामरेखा खनियाबासस्थित माझी बस्तीमा लिफ्ट खानेपानी आयोजना बनेको तीन वर्ष भयो । तीन वर्षदेखि घरघरमा खानेपानीका धारा बने पनि पानी आएको छैन ।

बर्खामा जेनतेन पानीको गुजारा चले पनि हिउँदमा खानेपानीको चरम अभाव भोग्दै आएका छन् । सीमान्तकृत माझी समुदायको खानेपानीको अभाव टार्न तीन वर्षअघि रु ३० लाख खर्चेर खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले लिफ्ट खानेपानी आयोजना सम्पन्न गरेको थियो । आयोजनाको पूर्वाधार निर्माणपछि एकपटक धारामा बालुवासहितको पानी आएको र त्यसपछि पानी आउन बन्द भएको स्थानीय गमिला माझीले बताउनुभयो । उहाँले तीन वर्षदेखि दैलोको धारामा पानी नआएको बताउनुभयो । विसं २०४८ मा बागलुङ-पोखरा सडकखण्ड विस्तारका क्रममा विस्थापित माझी समुदायलाई २० वर्ष बाङ्गेचौर खेलमैदानमा राखियो। बागलुङ नगरपालिकाको पहलमा बागलुङ नगरपालिका-१ रामरेखास्थित कालीगण्डकी किनारामा छ वर्षअघिमात्रै जग्गा खरिद गरेर नयाँ घर व्यवस्थापन गरिएको थियो । त्यसपछि खानेपानीको समस्या समाधानका लागि आयोजना सम्पन्न भए पनि पानी आउन नसकेको हो । सत्र घरपरिवार रहेको माझी बस्तीमा अहिले नाङ्लीबाङबाट ल्याइएको पानीको एउटा अस्थायी धारामात्रै रहेको छ । उक्त धारामा पानी नआए कालीगण्डकीको पानीको भर पर्नुपर्ने बाध्यता रहेको गमिलीको भनाइ छ । नमूना बस्तीमा एक घर एक धारा वितरणका लागि खानेपानी आयोजना तीन वर्षअघि नै सकिएको, ट्याङ्की र धारालगायत पूर्वाधार निर्माण भइसके पनि पानी नआएको स्थानीय लक्ष्मी माझीले बताउनुभयो । सत्र घरको बाहिर धारा बने पनि उक्त धारा अहिले प्रयोगविहीन बनेका छन् । "घरअघि चिटिक्क धारा बनेको तीन वर्ष भइसक्यो तर धारामा पानी खस्दैन, यो लिफ्ट आयोजना भरपर्दोरैनछ, एक पटक कालीगण्डकीको लेदोसहितको पानी धारामा आएको थियो, त्यसपछि पानी आएको थाहा छैन", लक्ष्मीले भन्नुभयो, "अहिले वैकल्पिक रूपमा नाङ्लीवाङको पानी खान्छौँ, एउटा पाइपमा आएको पानी १७ घरमा पुर्‍याउन मुस्किल छ, हिउँदमा त खानेपानीको साह्रै समस्या हुन्छ ।"उपभोक्ता समिति, वडा कार्यालय र खानेपानी तथा सरसफाइ कार्यालयको समन्वय अभावमा योजना सम्पन्न भए पनि पानी आउन नसकेको हो । एक घर एक धारा पुर्‍याउने माझी बस्ती खानेपानी आयोजना निर्माण गर्न झण्डै रु ३० लाख खर्च भइसकेको छ । माझी समुदायले दैलोमा खानेपानीको धारा बनेको तीन वर्ष बित्दा पनि खानेपानी नआएको दुःखेसो गरेका छन् । कालीगण्डकी किनाराको खानेपानीलाई लिफ्टमार्फत करिब पाँच सय मिटरमाथि तानेपछि एकीकृत बस्तीमा खानेपानी वितरण गर्ने योजना सम्पन्न भए पनि पानी आउन नसकेको हो । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका प्रमुख किरण पौडेलले आयोजना सम्पन्न भएर सफल भएपछि स्थानीयलाई हस्तान्तरण गरिएको बताउनुभयो । स्थानीयले पानी नआएको विषयमा कार्यालयमा जानकारी नगराएको बताउँदै प्राविधिक पठाएर खानेपानी सञ्चालन गर्ने जानकारी दिनुभयो । उहाँले यस विषयमा बुझ्न आयोजनास्थलमा प्राविधिक पठाउने र मर्मतसम्भार गरेर आयोजनामार्फत पानी सञ्चालन गर्ने बताउनुभयो । उहाँले माझी समुदालये लिफ्टमार्फत पानी तान्दा खर्चिलो भएको गुनासो गरेको बताउनुभयो ।

# तनहुँ जलविद्युत् आयोजनाको आधा काम सकियो

**पोखरापत्र संवाददाता**
दमौली, ४ कार्तिक

निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको ५८ दशमलव एक प्रतिशत प्रगति भएको छ ।

तीन 'प्याकेज'मा काम जारी छभने ५२ दशमलव शून्य सात प्रतिशत वित्तीय प्रगति भएको छ । आयोजना प्रमुख श्यामजी भण्डारीका अनुसार प्याकेज-१ अन्तर्गत बाँधलगायत संरचना निर्माणमा ३५ प्रतिशत प्रगति भएको छ ।

प्याकेज-२ अन्तर्गत विद्युत् गृह निर्माणमा ५९ प्रतिशत प्रगति भएको छ । प्याकेज-३ अन्तर्गत प्रसारण लाइन निर्माणमा ७३ दशमलव पाँच प्रतिशत काम पूरा भएको छ ।

आयोजना २०८३ असारभित्र सम्पन्न गर्ने लक्ष्य छ । प्याकेज-१ अन्तर्गत बाँध निर्माण जारी छभने सुरुङ, विद्युत्गृह निर्माणका साथै हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२ को काम पनि भइरहेको छ ।

प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माण भारतको केइसी इन्टरनेशनलले गरिरहेको छ ।

# फलातेमा चियाखेतीको परीक्षण सफल

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ कार्तिक

जिल्लाको अन्नपूर्ण गाउँपालिका-५ फलातेमा चियाखेतीको परीक्षण सफल भएको छ । स्थानीय केशबहादुर गौचनले समुद्र सतहबाट दुई हजार चार सय ७० मिटर उचाइमा रहेको फलातेमा गर्नुभएको चियाखेती सफल भएको हो ।

"कृषि अनुसन्धान परिषद् (नार्क)बाट विज्ञ र माटो विज्ञ ल्याएर अध्ययन गरेर हाइअल्टिच्युडमा परीक्षणका लागि धनकुटाको पाख्रीबासबाट चियाका बिरुवा ल्याएर रोपेको थिएँ", गौचनले भन्नुभयो, "परीक्षणका लागि गरेको चियाखेती सफल भएको छ ।" परीक्षण खेती सफल भएपछि फलाते आसपासका बाँझो पाखा जमिनमा चियाखेती गरेर किसानले आम्दानी गर्न सक्ने गौचनले बताउनुभयो । आफन्त र बजारमा कोशेलीका रूपमा पठाउनुका साथै म्याग्दीको पर्यटकीय घोडेपानी, शिख, घारका होटलमा फलातेको चिया प्रयोग हुन थालेको छ ।

विषादी र रासायनिक मलको प्रयोग नगरी उत्पादन गरिएको चियालाई 'बल्याक टी' नाम दिइएको छ । स्वाद र गुणस्तर राम्रो भएकाले फलातेको चियाले स्थानीय उपभोक्ताको मन जित्न थालेको छ । वार्षिक ५० किलोग्रामसम्म चिया उत्पादन हुने गरेको गौचनले बताउनुभयो ।

काठमाडौँमा व्यवसाय गर्दै आएका गौचनले पुर्ख्यौली जन्मथलोमा खेर गएको बारीमा चियाखेतीसँगै दातेओखर पनि लगाउनुभएको छ । चिया बगानको रेखदेख भने ८२ वर्षीया आमा रनदेवी गौचनले गर्नुहुन्छ । रनदेवीसँगै अन्य दुई जना स्थानीय कामदारले रेखदेख, चिया टिप्ने, सुकाउने र प्रशोधन गर्दै आएका छन् ।

छ रोपनी क्षेत्रफलमा चियाखेती गर्न रु २० लाख लगानी भएको रनदेवीले बताउनुभयो । "अन्नपूर्ण चक्रीय पदमार्गको घोडेपानी-भुरुङ्ग तातोपानी पदमार्गमा यात्रा गर्ने पर्यटक पनि चिया बगान हेर्नका लागि आउँछन्", उहाँले भन्नुभयो, "पाहुना र पर्यटकलाई आफ्नै बगानको चिया पकाएर खुवाउने गरेकी छु ।"

फलातेअघि अन्नपूर्ण गाउँपालिका-६ खिवाङको पाखामा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मार्फत चियाखेती भए पनि रेखदेख र संरक्षण नहुँदा बगान मासिएको थियो । मालिका गाउँपालिका-३ किनेतीस्थित वडा कार्यालय पसिरको सार्वजनिक पाखोमा पनि परीक्षणका लागि गत वर्ष चियाखेती भएको छ । म्याग्दीका अन्य ठाउँमा व्यावसायिक रूपमा चियाखेती भएको छैन ।

फलातेको चिया बगानको अवलोकन गर्न पुग्नुभएका अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले स्वाद, गुणस्तरका हिसाबले व्यावसायिक चियाखेतीको सम्भावना देखिएको बताउनुभयो।

चियाखेतीको माध्यमबाट बाँझिएका खेतीयोग्य जमिनलाई सदुपयोग, रोजगारी र आयआर्जनको अवसर सिर्जनाका साथै पर्यटन प्रवर्द्धन गर्न सकिने उहाँले बताउनुभयो ।

## साबिक शिशुवा महिला वचत तथा ऋण सहकारी संस्था लिमिटेड हाल पोखरा रोयल वचत तथा ऋण सहकारी संस्था लिमिटेडका भाखा नाघेका ऋणी सदस्यलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने अत्यन्त जरुरी सुचना

**तेस्रो पटक प्रकाशित मिति २०८१/०७/०५ गते**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड र शिशुवा महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड एकीकरण हुनुपूर्व साविक शिशुवा महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिल बमोजिमका सदस्यहरुले ऋण उपभोग गर्नु भएको र उक्त ऋण रकमको साँवा व्याज भुक्तानीको लागि ऋणी तथा धनजमानत समेतलाई पटक पटक लिखित तथा मिति २०८१/०५/१२ गतेको समाधान पत्रिकामा ३५ दिने प्रथम पटक र मिति २०८१/०६/१६ गते आर्दश समाज पत्रिकामा १५ दिने दोस्रो पटक सुचना मार्फत सूचना गराउँदा समेत ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम भुक्तानी गर्न कुनै चासो नदिई संस्था संग गर्नुभएको शर्त सम्झौता उल्लङ्घन गरी बसेको हुँदा ऋण चुक्ता गर्नको लागि आजका मितिले ७ (सात) दिनको अन्तिम पटक समय दिइएको छ । उक्त अबधि भित्र आफ्नो भुक्तानी गर्न बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर बुझाउन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७६, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयं र व्यक्तिगत धनजमानत कर्ताहरुको चल अचल सम्पत्तिहरुबाट समेत ऋण रकम असुल उपर गरिने ब्यहोरा जानकारी गरिन्छ ।

| सि.नं | ऋणी सदस्यको तिन पुस्ते विवरण | धन जमानत दिनेको विवरण |
|---|---|---|
| १. | फत्त बहादुर गुरुङको छोरी संजय गुरुङको श्रीमती गोरखा जिल्ला आरुघाट गा.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं.३१ बस्ने<br>**ऋणी सदस्य : निशा गुरुङ**<br>**ना.प्र.नं.४२-०१-७०-०२६५६ स्याङ्जा** | १) मणीराम कडेलको छोरी नारायण दत्त भण्डारीको बुहारी सुर्य मोहन भण्डारीको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ बस्ने<br>**धन जमानत : साबित्री कडेल भण्डारी ना.प्र.नं. ३३६० कास्की** |
| २. | भीम बहादुर तमाङको छोरी लालमोहन श्रेष्ठको बुहारी सुरेन्द्र श्रेष्ठको श्रीमती मकवानपुर जिल्ला हर्नामाडी गा.बि.स. वडा नं. ९ स्थायी घर भै हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ बस्ने<br>**ऋणी सदस्य : सुकमाया श्रेष्ठ ना.प्र.नं. ५४/३५७७३ मकवानपुर** | १) रुद्रनाथ सापकोटाको बुहारी रामजी सापकोटाको श्रीमती कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ९ स्थायी घर भै हाल पोखरा म.न.पा. वडा नं. ३१ बस्ने<br>**धनजमानत : दुर्गा सापकोटा ना.प्र.नं. १३५१८० कास्की**<br>२) फत्त बहादुर गुरुङको छोरी संजय गुरुङको श्रीमती गोरखा जिल्ला आरुघाट गा.पा. वडा नं. ५ स्थायी ठेगाना भइ हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं.३१ बस्ने<br>**धन जमानतः निषा गुरुङ ना.प्र.नं.४२-०१-७०-०२६५६ गोरखा**<br>३) लाल मोहन श्रेष्ठको छोरी सुक बहादुर गुरुङ्गको श्रमिती गोरखा जिल्ला आरुआर्वाङ गा.बि.स. वडा नं.७ घर भै हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ बस्ने<br>**धन जमानत रेशमा गुरुङ ना.प्र.नं. ११०५०५ गोरखा** |
| ३. | मनराज तमाङको बुहारी अमर बहादुर तमाङको श्रीमती कास्की जिल्ला मादी गा.पा. वडा नं. ११ स्थायी घर भै हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ बस्ने<br>**ऋणी सदस्य : बिमला तामाङ**<br>**ना.पं.नं.१६४४५३ कास्की** | १) काले छिरिङ तामाङको नाती मनराज तमाङको छोरा कास्की जिल्ला मादी गा.पा. वडा नं. ११ घर भै हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ बस्ने<br>**धन जमानत : अमर तमाङ ना.प्र.नं. १०२३८४ कास्की**<br>२) मनराज तमाङ नाती अमर तमाङको छोरा कास्की जिल्ला मादी गा.पा. वडा नं. ११ घर भै हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ बस्ने<br>**धन जमानत : अविन तमाङ ना.प्र.नं. ४६-०१-७५-००७८० कास्की** |
| ४. | नन्दे तमाङको बुहारी भीम बहादुर तमाङको श्रीमती कास्की जिल्ला शिशुवा गा.बि.स. वडा नं. १ स्थायी घर भै हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ बस्ने<br>**ऋणी सदस्य : फुर्कुमाया तमाङ**<br>**ना.प्र.नं. ३२५९६ कास्की** | १) मनराज तमाङको बुहारी अमर बहादुर तमाङको श्रीमती कास्की जिल्ला मादी गा.पा. वडा नं. ११ स्थायी घर भै हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ बस्ने<br>**धनजमानत : बिमला तामाङ ना.पं.नं.१६४४५३ कास्की**<br>२) मनराज तमाङ नाती अमर तमाङको छोरा कास्की जिल्ला मादी गा.पा. वडा नं. ११ घर भै हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ बस्ने<br>**धन जमानत : अविन तमाङ ना.प्र.नं. ४६-०१-७५-००७८० कास्की** |
| ५. | नहरजङ्ग गुरुङको बुहारी गंगा प्रसाद गुरुङ्ग श्रीमती कास्की जिल्ला भाचोक गा.बि.स. स्थायी घर भै हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० बस्ने<br>**ऋणी सदस्य : माया गुरुङ**<br>**ना.प्र.नं. १५४६५८ कास्की** | १) लिलानाथ ढकालको छोरी बिडीदत्त त्रिपाठीको बुहारी लिलामणी त्रिपाठीको श्रीमती कास्की जिल्ला पोखरा लेखनाथ. वडा नं. ३१ स्थायी घर भै हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० बस्ने<br>**धनजमानत :ऋषी माया ढकाल त्रिपाठी ना.प्र.नं. :४६-०२-७४-०२०२६ कास्की** |
| ६. | जालिमे दमाईको बुहारी सन्त बहादुर परियारको श्रीमती कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. २८ स्थायी घर भै हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० बस्ने<br>**ऋणी सदस्य : कल्पना परियार ना.प्र.नं. ४६-०२-७५-००००६ कास्की** | |

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
प्रधान कार्यालयः पोखरा-१०, बुद्धचोक, कास्की